Australian Government

ParentsNext

# तपाईंलाई थप सहायता चाहिएमा



**अभिभावक र स्याहारकर्ताको जीवनमा धेरै महत्त्वपूर्ण घटनाहरू घटिरहेका हुन्छन् । तर चाहिएको बेलामा सहायता उपलब्ध छ भन्ने कुरा बुझ्न पर्छ ।**

ParentsNext का परामर्शदाताले तपाईंलाई निम्न विषयमा सहायता प्राप्त गर्ने स्थानीय सेवा प्रदायकहरूसँग जोडिदिन्छन्:

- परामर्श
- वित्तीय परामर्श
- घरेलु तथा पारिवारिक हिंसा
- शारीरिक तथा मानसिक स्वास्थ्य
- सुरक्षित आवास

**तपाईं कठिनाइसँग जुधिरहनुभएको छ भने आफ्नो परामर्शदातासँग कुरा गर्नुहोस् । उहाँले तपाईंको गतिविधि बदलिदिन वा तपाईंलाई गतिविधि नगर्ने छूट प्रदान गर्न सक्नुहुन्छ ।**

छूट पाउनुभयो भने तपाईंले निश्चित अवधिसम्म आफूले गर्नु पर्ने गतिविधिहरू गर्नु पर्दैन । छूट अवधिमा सहायता चाहिँदा पनि तपाईं आफ्नो परामर्शदाताबाट सहायता प्राप्त गरिरहन सक्नुहुन्छ ।

**निम्न घटना हुँदा छूट प्राप्त गर्न सकिन्छ:**

- गम्भीर स्वास्थ्य समस्या
- परिवारको कसैको मृत्यु
- गर्भवती हुनु र प्रसूति हुने मिति अबको 6 हप्ता भित्र हुनु
- आदिवासी सांस्कृतिक गतिविधि
- 4 वा सोभन्दा बढी बालबालिकाको मुख्य स्याहारकर्ता हुनु
- होम-स्कूलिङ स्वीकृत हुनु ।

**छूटको लागि तपाईंले पेस गरेको कारणको आधारमा तपाईंको परामर्शदाताले तपाईंसँग फरक फरक प्रमाण माग्न सक्छन् ।**

तपाईंको परामर्शदाताले **तपाईंलाई छूट प्रदान गरेनन् भने** तपाईं उहाँलाई पुनर्विचार गर्न आग्रह गर्न सक्नुहुन्छ । तपाईंलाई उहाँले दिएको जवाफ चित्तबुझ्दो लागेन भने तपाईं शिक्षा, सीप र रोजगारी विभागको ग्राहक सेवा विभागको टेलिफोन **1800 805 260** मा टेलिफोन गरी वा **nationalcustomerserviceline@dese.gov.au** मा इमेल गरी विभागसमक्ष स्वतन्त्र समीक्षा गरिदिने अनुरोध पेस गर्न सक्नुहुन्छ ।

तपाईंलाई विभागको निर्णय पनि चित्तबुझ्दो लागेन भने तपाईं Administrative Appeals Tribunal मार्फत पुनरावेदन गर्न सक्नुहुन्छ ।

**थप जानकारीको लागि dese.gov.au/parentsnext हेर्नुहोस्**